# राज्य व्यवस्था तथा सुशासन समिति

बैठक सङ्ख्याः ३४

मितिः **२०८१/०४/२७ गते आइतबार,**

समयः **बिहान ११:०० बजे**

<u>निर्णय</u>

१. भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा छलफल रहेको आजको बैठकमा प्रस्तुत विधेयकमा संशोधन प्रस्ताव दर्ता गराउनुहुने सम्पूर्ण माननीय सदस्यहरुलाई एकैपटक समितिमा आह्वान गरी छलफल गर्ने निर्णय भएअनुसार सबै संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुलाई आमन्त्रण गरिएको थियो, जसमध्ये समितिमा उपस्थित हुने ११ जना माननीय सदस्यहरुले समिति समक्ष आ-आफ्नो संशोधन प्रस्तावका सम्बन्धमा धारणा प्रस्तुत गर्नुभयो।

२. समितिको आजको बैठकमा प्रस्तुत विधेयकमा दफावार छलफल समेत सुरु गरी विधेयकको प्रस्तावना र दफा १ सर्वसम्मतिले पारित गरियो।

३. भ्रष्टाचार निवारण ऐन, २०५९ र प्रस्तुत संशोधन विधेयकका सम्वन्धमा धारणा बुझ्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सम्पूर्ण पदाधिकारीहरुलाई समितिमा आमन्त्रण गरी बृहत छलफल गर्ने निर्णय गरियो ।

४. समितिमा उठेका विषयहरुका सन्दर्भमा माननीय गृह मन्त्रीज्यूले नेपाल सरकारको तर्फबाट आफ्नो धारणा प्रस्तुत गर्नुभयो।

५. समितिको आगामि बैठक मिति २०८१ श्रावण ३१ गते बिहान ११:०० बस्ने गरी आजको बैठक अन्त्य भयो।